# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः८) पञ्चकन्या, पौष महिना ०८ गते, २०८१ साल (अतिरिक्ताङ्क २**


## भाग–३

## पञ्चकन्या गाउँपालिका

## गाउँ कार्यपालिका कार्यालयको सूचना

पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०९/०८ गतेको कार्यपालिका बैठकबाट पञ्चकन्या गाउँपालिकाको "पञ्चकन्या गाउँपालिका योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" संशोधन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पञ्चकन्या गाउँपालिका योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई संशोधन गर्न बनेको कार्यविधि**

**प्रस्तावना**

पञ्चकन्या गाउँपालिका योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा संशोधन गर्न बान्छनिय भएकोले पञ्चकन्या गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम, क्षेत्र र प्रारम्भः**

क) यो कार्यविधिको नाम "पञ्चकन्या गाउँपालिका योजना तथा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "मुल कार्यविधि" भन्नाले "पञ्चकन्या गाउँपालिका योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" लाई सम्झनुपर्दछ।

**३. मुल कार्यविधिको दफा ५ को उपदफा क (१) मा संशोधन**

मुल कार्यविधिको दफा ५ को उपदफा क (१) को सट्टामा देहायको उपदफा क (१) राख्ने।

"(१) रु १ करोड भन्दा बढी लागत भएका वा गाउँपालिकाले आवश्यक ठानेका सो भन्दा कम लागतको अन्य आयोजना तथा कार्यक्रम ठेक्काबाट सञ्चालन गरिनेछ।"

**४. मुल कार्यविधिको दफा ५ को उपदफा ग (१) मा संशोधन**

मुल कार्यविधिको दफा ५ को उपदफा ग (१) को सट्टामा देहायको उपदफा ग (१) राख्ने।

"(१) रु १ करोड सम्मका लागत अनुमान भएको आयोजना तथा कार्यक्रम सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट सञ्चालन गर्न सकिनेछ।"

**आज्ञाले**
**कृष्णहरि पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**